बैठक संख्या: ८/२०८०/०८८१

मिति: २०८०/१०/१८

समय: दिउँसो १०:०० बजे

स्थान: भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | जीत | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देबिलाल बिक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| १. | | प्रेम प्रकाश भट्टराई | प्राविधिक ईर्जा. | भूमे गाउँपालिका |
| २. | | सन्तोष घर्तिमगर | सब-इन्जीनियर | ,, |
| | | | | |

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

## बैठक सं ८ / ०८०/८१ मिति २०८०/१०/१५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा

## लिम्सीब

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २ | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | |
| ३ | समपूरक तथा विशेष अनुदान प्रस्ताव सम्बन्धमा | |
| ४ | विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धमा | |
| ५ | मर्मत रकम उपलब्ध गराउने सम्बन्धमा । | |
| ६ | सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अध्यावधिक अभिलेख सम्बन्धी जानकारी सभामा पेश । | |
| ७ | लागत साझेदारी सम्बन्धमा । | |
| ८ | नविकरणीय उर्जा सम्बन्धमा । | |
| ९ | शुझाव कारान्वयन सम्वन्धमा | |
| १० | लुम्बिनी प्रदेश ,प्रदेश समन्वय परिषदको सातौं बैठकको निर्णय सम्बन्धमा । | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं ८, २०८०/०८१ मिति २०८०।१०।१८

को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब

कै

| नं. | प्रस्तावहरु | प्रस्तावित निर्णय |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को बैठक संख्या ८ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा निर्णय नं. ८ बाहेक सबै निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो। |
| २ | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा । | गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा, इकाई, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो । |
| ३ | समपूरक तथा विशेष अनुदान प्रस्ताव सम्बन्धमा | नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० को सूचना र समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ बमोजिम समपूरक अनुदानबाट सञ्चालन गर्ने तपसिल बमोजिमका समपूरक अनुदानका आयोजनाहरु स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग समक्ष अनलाईन प्रविष्ट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो । |

| क.सं. | आयोजनाको नाम | आयोजना स्थल | कुल लागत | लागत बेहोर्ने | | गत आ.व. सम्ममा खर्च भएको | चालु आ.व.मा माग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समपूरक | स्थानीय | | | |
| १ | १ नं वडा कार्यालय भवन निर्माण | भूमे १ लुकुम | ३२३७४७ ६६ | १६१००० ०० | १६१७४७ ६६ | १४६००० ०० | ५०००० ०० | क्रमागत चालु आ.व. मा सम्पन्न हुने |
| २ | ५ नं वडा कार्यालय भवन निर्माण | भूमे ५ सेराबाङ | ३७९५१६ ६१०६ | १८९७५८ ३०५३० | १८९७५८ ३०५३० | ० | ५०,००० ०० | क्रमागत |
| ३ | ७ नं वडा कार्यालय भवन निर्माण | भूमे ७ धर्मशाला | ३२१५७० ०० | १६०००० ०० | १६१५७० ०० | १००००० ०० | १०००० ००० | क्रमागत चालु आ.व. मा सम्पन्न हुने |

| नं. | प्रस्तावहरु | प्रस्तावित निर्णय |
|---|---|---|
| ४ | विशेष अनुदानतर्फका आयोजना प्रस्ताव | नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० को सूचना बमोजिम विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ बमोजिम विशेष अनुदानबाट सञ्चालन गर्ने तपसिल बमोजिमका विशेष अनुदानका आयोजनाहरु स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग समक्ष अनलाईन प्रविष्ट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत |

| | | |
|---|---|---|
| | गर्ने सम्बन्धमा | रुपमा गरियो । |

| क.सं. | आयोजनाको नाम | आयोजना स्थल | लागत रकम (रु.) |
|---|---|---|---|
| १ | पोषणमैत्री स्थानीय तह र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | गाउँपालिकाभर | |
| २ | वातावरणमैत्री सार्वजनिक शौचालय निर्माण | ५ स्थानमा | |
| ३ | कौंकी तटबन्ध निर्माण | भूमे २ | |
| ४ | खावाङबगर तटबन्ध निर्माण | भूमे २ | |
| ५ | चुनबाङ तटबन्ध निर्माण | भूमे ९ | |
| ६ | थवाङखोला तटबन्ध निर्माण | भूमे ७ | |
| ७ | कुचिबाङखोला तटबन्ध निर्माण | भूमे ८ | |

| | | |
|---|---|---|
| ५ | मर्मत रकम उपलब्ध गराउने सम्बन्धमा । | मिति २०८०।०४।२५ गते साँझ परेको अविरल वर्षाका कारण यस श्री त्रिवेणी कौंकिखोला लघु जलविधुत आयोजनामा रु १०,००,०००/- बराबरको क्षति भएकोले भूमे गाउँ पालिकाको बिपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी मर्मत सामाग्री श्री त्रिवेणी कौंकिखोला लघु जलविधुत आयोजनालाई मर्मतसंभार रकम उपलब्ध गराउने निर्णय गरियो । |
| ६ | सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख सम्बन्धी जानकारी सभामा पेश । | भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० वार्षिक सम्पत्ती तथा जिन्सी विवरण (सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको बिवरण सहितको अद्यावधिक अभिलेख) आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो। |
| ७ | लागत साझेदारी सम्बन्धमा । | भूमे गाउँपालिका वडा नं.२ स्थित कौंकि स्वास्थ्य चौकी भवन निर्माणका लागि भारत सरकारको सहयोगमा संचालन हुने साना विकास परियोजना कार्यक्रम पेश गर्ने र सो कार्यक्रम संचालन गर्न आवश्यक पर्ने लागतको २० प्रतिशत रकम भूमे गाउँपालिकाले साझेदारी गर्ने निर्णय गरियो । |
| ८ | नविकरणीय उर्जा सम्बन्धमा । | आ.व. २०८० / ८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त कार्यक्रम अन्तर्गतको नविकरणीय उर्जा शीर्षकमा रु ८०००००।– बजेट विनियोजन भएकोले उक्त बजेटबाट कार्यविधि बमोजिम यस गा.पा. अन्तर्गतका अति विपन्न घर परिवाललाई ५० वाटको सोलार सेट वितरण गर्नको लागि वडा कार्यालयहरुबाट बिपन्न नागरिकहरुको विवरण संकलन गर्ने निर्णय गरियो । |
| ९ | सुझाव कार्यान्वयन सम्बन्धमा | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट चं.नं. ३७४६८ मिति २०८०।१०।७ को पत्रमार्फत प्राप्त सुझावउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ... छलफल गरी आगामी कार्य संचालनमा सो सुझावको अक्षरशः पालना गर्ने निर्णय गरियो । |
| १० | लुम्बिनी प्रदेश प्रदेश समन्वय परिषदको सातौ बैठकको निर्णय सम्बन्धमा । | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखाबाट प्राप्त चं.नं. १२७७ लुम्बिनी प्रदेश ,प्रदेश समन्वय परिषदको सातौ बैठकको निर्णयहरुलाई कार्यपालिकामा जानकारी गराई सो निर्यणमार्फत पालिकासम्बन्धमा प्राप्त निर्देशन हरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो । |

## निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |

**भूमे गाउँपालिका रुकुम ,पूर्व,**

***बैठक सं ८ ०८०८१ मिति २०८०१०१८ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त बेहोरा किताब***

निर्णय नं. १

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को बैठक सख्या ७ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा निर्णय न. ८ बाहेक सबै निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो।

निर्णय नं. २

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा इकाई वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

निर्णय नं. ३

नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० को सूचना र समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ बमोजिम समपूरक अनुदानबाट सञ्चालन गर्ने तपसिल बमोजिमका समपूरक अनुदानका आयोजनाहरु स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग समक्ष अनलाईन प्रविष्ट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

| क. सं. | आयोजनाको नाम | आयोजना स्थल | कुल लागत | लागत बेहोर्ने | | गत आ.व. सम्ममा खर्च भएको | चालु आ.व.मा माग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समपूरक | स्थानीय | | | |
| १ | १ न वडा कार्यालय भवन निर्माण | भूमे १ लुकुम | ३२३७४७६६ | १६१००००० | १६१७४७६६ | १४६००००० | ५०००००० | क्रमागत चालु आ.व. मा सम्पन्न हुने |
| २ | ५ न वडा कार्यालय भवन निर्माण | भूमे ५ सेराबाड | ३७९५१६६१०६ | १८९७५८३०५३० | १८९७५८३०५३० | ० | ५०,००००० | क्रमागत |
| ३ | ७ न वडा कार्यालय भवन निर्माण | भूमे ७ धर्मशाला | ३२१५७००० | १६०००००० | १६१५७००० | १०००००००० | १०००००० | क्रमागत चालु आ.व. मा सम्पन्न हुने |

२०८०।१०।१८

**निर्णय नं. ४**

नेपाल सरकार राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० को सूचना बमोजिम विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ बमोजिम विशेष अनुदानबाट सञ्चालन गर्ने तपसिल बमोजिमका विशेष अनुदानका आयोजनाहरु स्वीकृतिका लागि राष्ट्रिय योजना आयोग समक्ष अनलाईन प्रविष्ट गरी प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

| क्र.सं | आयोजनाको नाम | आयोजना स्थल | लागत रकम (रु.) |
|---|---|---|---|
| १ | पोषणमैत्री स्थानीय तह र स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | गाउँपालिकाभर | |
| २ | वातावरणमैत्री सार्वजनिक शौचालय निर्माण | ५ स्थानमा | |
| ३ | काँक्री तटबन्ध निर्माण | भूमे २ | |
| ४ | खाबाङबगर तटबन्ध निर्माण | भूमे २ | |
| ५ | चुनबाङ तटबन्ध निर्माण | भूमे ९ | |
| ६ | थवाङखोला तटबन्ध निर्माण | भूमे ७ | |
| ७ | कुचिबाङखोला तटबन्ध निर्माण | भूमे ८ | |

**निर्णय नं. ५**

मिति २०८०।०४।२५ गते साँझ परेको अविरल वर्षाका कारण यस श्री त्रिवेणी काँक्रिखोला लघु जलविधुत आयोजनामा रु १०,००,०००/-बराबरको क्षति भएकोले भूमे गाउँ पालिकाको बिपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४ वमोजिम गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च हुने गरी मर्मत सामाग्री श्री त्रिवेणी काँक्रिखोला लघु जलविधुत आयोजनालाई मर्मतसंभार रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० वार्षिक सम्पत्ती तथा जिन्सी विवरण (सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति,भवन,सडक,पसल,व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख) आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

भूमे गाउँपालिका वडा न.२ स्थित काँक्रि स्वास्थ्य चौकी भवन निर्माणका लागि भारत सरकारको सहयोगमा संचालन हुने साना विकास परियोजना कार्यक्रम पेश गर्ने र सो कार्यक्रम संचालन गर्न आवश्यक पर्ने लागतको २० प्रतिशत रकम भूमे गाउँपालिकाले साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. २०८० /८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त कार्यक्रम अन्तर्गतको नविकरणीय उर्जा शीर्षकमा रु ८०००००।- बजेट बिनियोजन भएकोले उक्त बजेटबाट कार्यविधि बमोजिम यस गा.पा. अन्तर्गतका अति विपन्न घर परिवाललाई ५० वाटको सोलार सेट बितरण गर्नको लागि वडा कार्यालयहरुबाट बिपन्न नागरिकहरुको विवरण संकलन गर्ने



२०८०।०१।०५

निर्णय गरियो ।

**निर्णय नं. ९**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट  च.नं. ३७४६८ मिति २०८०।१०।७ को पत्रमार्फत प्राप्त सुझावउपर छलफल गरी आगामी कार्य संचालनमा सो सुझावको अक्षरशः पालना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, योजना अनुगमन  तथा नतिजा व्यवस्थापन शाखाबाट प्राप्त च.नं. १२७७ लुम्बिनी प्रदेश ,प्रदेश समन्वय परिषदको सातौं बैठकको निर्णयहरुलाई कार्यपालिकामा जानकारी गराई सो निर्यणमार्फत पालिकासम्बन्धमा प्राप्त निर्देशन हरुलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| ✗ | —— | ✗ फरक मत नरहेको —— ✗ | —— |